देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## देवदह नगरपालिकाको नगरप्रमुखसंग उद्यमी रोजगार कार्यक्रमका लागि प्रस्ताव आव्हान गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०७/२९

देवदह नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम र देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८० को अधिनमा रही इच्छुक बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा रितपूर्वकको प्रस्ताव आवश्यक कागजात सहित शिलबन्दी गरी पेश गर्न बैंक तथा वित्तीय संस्था सिफारिस समितिको मिति २०८१/०७/२७ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

तपिशल :

क. प्रस्ताव पेश गर्ने बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाहरुको योग्यता देहाय बमोजिम हुनुपर्नेछ।
   १. बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाको कार्यक्षेत्र देवदह नगरपालिका समेत हुनु पर्नेछ।
   २. नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक, वित्तीय संस्था एवं प्रचलित कानून बमोजिम स्थापित सहकारी संस्था हुनु पर्नेछ।
   ३. नगरप्रमुख संग उद्यमी रोजगार कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले कार्यक्रम संचालनका लागि उक्त संस्थाको प्रधान कार्यालयबाट पाएको अनुमति पत्र पेश गर्नु पर्नेछ।

ख. प्रस्ताव पेश भएका बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाको छनौटका आधारहरु मापदण्डमा तोके बमोजिम हुनेछन।

ग. देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८० को अनुसुची १ बमोजिम तोकिएका ऋण लगानीका क्षेत्रहरुमा मात्र लगानी गर्नु पर्नेछ।

घ. प्रस्ताव पेश गर्दा देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८० को परिच्छेद २ दफा ५ को बुँदा नं २ मा उल्लेख भए बमोजिम सम्बन्धीत बैंक तथा वित्तीय संस्था एवं सहकारी संस्थाले नगरपालिकाले जम्मा गरे बमोजिमको रकमको शत प्रतिशत रकम (५० लाख) यस कार्यक्रमको सम्बन्धीत कोष/खातामा जम्मा गर्ने सुनिश्चतताको लागि प्रतिवद्धता पत्र प्रस्ताव संगै पेश गर्नु पर्नेछ।

ङ. प्रस्ताव पेश गर्दा पेश गर्नुपर्ने कागजातहरु
   १. संस्था दर्ताको प्रमाण पत्र
   २. कर चुक्ता प्रमाण पत्र
   ३. प्रतिवद्धता पत्र
   ४. प्रस्तावना पत्र
   ५. संस्थाको तर्फबाट कार्यक्रम संचालनका लागि दिएको अनुमति पत्र।
   ६. बैंक तथा वित्तीय संस्था तथा सहकारी संस्था कालोसूचीमा नपरेको स्वघोषणा पत्र।

च. यस कार्यक्रम संचालनका लागि कार्यान्वयनमा रहेको देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८० मा भएका व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

छ. प्रस्ताव पेश गर्नका लागि आवश्यक पर्ने देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि-२०८०, प्रस्तावना पत्र, प्रस्तावना छनौटका आधार एवं मापदण्ड, प्रतिवद्धता पत्रको ढाँचा यस कार्यालयको वेभसाईट www.devdahamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

प्रस्ताव पेश गर्ने अन्तिम मितिः- २०८१/०८/१३ गते कार्यालय समयभित्र (सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट सम्म)।

*द्रष्टव्य: अन्य आवश्यक जानकारीका लागि कार्यालय समयमा नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला।*

(रमेश गिरी)
शाखा अधिकृत

**देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालनार्थ वित्तीय संस्थाद्वारा पेश गर्ने प्रस्तावना पत्रको ढाँचा**

देवदह नगरपालिकाको नगर प्रमुख संग उद्यमी रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धी

प्रस्तावना

आर्थिक वर्ष २०८१/०८२

प्रस्ताव पेश गर्ने

संस्थाको नामः ................................

संस्थाको ठेगानाः..............................

संस्थाको छापः ...............................

देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७२

रमेश गिरी
शाखा अधिकृत

१. <u>संस्थागत विवरण</u>

क. संस्थाको नाम ............................................

ख. संस्था दर्ता नं. ............................................

ग. संस्था दर्ता मिति..........................................

घ. संस्थाको ठेगाना ..........................................

ङ. संस्थाको परिचय..........................................

च. संस्थाले सञ्चालन गरेका गतिविधि ...................................

छ. संस्थाले उद्यम विकासमा सञ्चालन गरेका क्रियाकलाप ....................
..........................................

ज. <u>संस्थाको वित्तीय अवस्था</u>

१) कुल पुंजीः-

२) कुल लगानीः-

३) कुल दायित्वः-

४) क्षेत्रगत लगानीः

i. कृषिः-

ii. व्यापारः-

iii. उद्योगः-

iv. संरचना निर्माणः-

v. अन्य (खुलाउने):-

<u>२.कार्यक्रमको विवरण</u>

क. नगरसभा बाट स्वीकृत प्रस्ताव पेश गरेको कार्यक्रमको नामः

ख. <u>कार्यक्रमको उद्देश्य</u>

१.
२.
३.
४.
५.

ग. प्रस्ताव गरिएको कार्यक्रम अवधि

शुरु मिति ..............  अन्तिम मिति .........................

घ. कार्यक्रम सञ्चालन गर्ने स्थान.......................

ङ. कार्यक्रमबाट लाभान्वित हुने वर्ग.....................

च. कार्यक्रम बाट लाभान्वित हुने संख्याः-

महिला ................ पुरुष............ जम्मा............

रमेश गिरी
शाखा अधिकृत

देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**३. कार्यक्रमको आर्थिक प्रस्ताव**

देवदह नगरपालिकाबाट रु................

संस्थाबाट रु................

अन्य निकायबाट रु................

जम्मा रु ...............

४. कार्यक्रमको अपेक्षित उपलब्धिः-

११. लगानी असुलीका लागि अपनाईने प्रकृया

१२. लगानी शुनिश्चिततताका आधारहरु

१३. आवश्यक कागजातहरू

क. संस्थाले ब्यहोर्नु पर्ने दायित्व रकम जम्मा गर्ने प्रतिबद्धता पत्र

ख. प्रस्ताव पेश गर्ने सम्बन्धी, संस्थाले ब्यहोर्नु पर्ने दायित्व रकम, नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि,२०८० बमोजिम कार्यक्रम संचालन सम्बन्धमा प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि

ग. संस्थाको संस्था दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्र प्रतिलिपि

**संस्थाको आधिकारिक प्रतिनिधिको**

दस्तखतः-

नाम थर :-

पदः-

मितिः-

संस्थाको छापः-

(प्रस्तावनाको प्रत्येक पानामा संस्थाको आधिकारिक प्रतिनिधिको सहि र संस्थाको छाप हुनुपर्नेछ। )

रमेश गिरी
शाखा अधिकृत

देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालनार्थ प्रस्ताव पेश गर्ने संस्थाको प्रतिबद्धता पत्रको ढाँचा

मिति २०८१/..../....

श्री देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रूपन्देही ।

विषय- प्रतिबद्धता सम्बन्धमा ।

प्रस्तुत विषयमा देवदह नगरपालिकाको नगर प्रमुखसँग उद्यमी रोजगार कार्यक्रम सञ्चालनका लागि मिति २०८१/....../..... मा प्रकाशित सूचना सम्बन्धमा कार्यक्रम सञ्चालनको लागि यस ............... (संस्थाको नाम लेख्ने) ........ को मिति २०८१/.../.... को निर्णय अनुसार देवदह नगरपालिकाको नगर प्रमुखसँग उद्यमी रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०८० को पूर्ण पालना गरि संस्थाले ब्यहोर्नु पर्ने लागत रकम रु........................(अक्षरुपि ......................) कोषको खातामा जम्मा गरी कार्यक्रमको मर्म र उद्देश्य अनुसार कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछौं ।शर्तमा उल्लेख भए बमोजिम नगरे प्रचलित कानुन बमोजिम हुन मन्जुर छौं।

संस्थाको तर्फबाट

संस्थाको नामः-
संस्थाको ठेगानाः-
संस्थाको अधिकार प्राप्त प्रतिनिधिको नाम थरः-
पदः-
ठेगानाः-
दस्तखतः-
सम्पर्क नं.:-
संस्थाको छापः-
मितिः-

(नोटः- प्रतिबद्धताको सम्बन्धमा संस्थाको तर्फबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि र आधिकारिक संस्थाबाट अधिकारनामा पत्र पेश गर्नु पर्नेछ।)

रमेश गिरी
शाखा अधिकृत

देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## देवदह नगरपालिकाको नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालनार्थ छनौट भएको संस्थाले मूल रकम नगरपालिकालाई फिर्ता गर्ने सम्बन्धी कबुलियतनामाको ढाँचा

मिति २०८१/..../....

श्री देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रूपन्देही ।

विषय- कबुलियतनामा सम्बन्धमा ।

प्रस्तुत विषयमा देवदह नगरपालिकाको आ.व. २०८१/०८२ का लागि नगर प्रमुखसँग उद्यमी रोजगार कार्यक्रम सञ्चालन गर्न ................ (संस्थाको नाम लेख्ने) ........छनौट भएकोले यस ................ (संस्थाको नाम लेख्ने) ........ को मिति २०८१/.../.... को निर्णय अनुसार देवदह नगरपालिकाको नगर प्रमुखसँग उद्यमी रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०८० बमोजिम कार्यक्रम संचालनका लागि देवदह नगरपालिकाले तोकिएको कोषमा जम्मा गरेको साँवा रकम, नगरपालिकाले कोषमा निकासा गरेको तीन वर्ष भित्र देवदह नगरपालिकालाई फिर्ता गर्ने कबुलियतनामा गर्दछौं ।शर्तमा उल्लेख भए बमोजिम नगरे प्रचलित कानुन बमोजिम हुन मन्जुर छौं।

संस्थाको तर्फबाट

संस्थाको नामः-
संस्थाको ठेगानाः-
संस्थाको अधिकार प्राप्त प्रतिनिधिको नाम थरः-
पदः-
ठेगानाः-
दस्तखतः-
सम्पर्क नं.:-
संस्थाको छापः-
मितिः-

(नोटः- कबुलियतनामाको सम्बन्धमा संस्थाको तर्फबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि र आधिकारिक संस्थाबाट अधिकारनामा पत्र पेश गर्नु पर्नेछ।)






**देवदह नगरपालिकाको नगर प्रमुख संग उद्यमी रोजगार कार्यक्रम संचालन गर्नको लागी बैक वित्तिय संस्था एवं सहकारी संस्था छनौटका आधार तथा मापदण्डहरु**

१- देवदह नगरपालिकाको नगरप्रमुखसंग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि २०८० परिच्छेद ३ दफा ६ को खण्ड ३ मा व्यवस्था भए बमोजिम बैंक तथा वित्तिय संस्थालाई पहिलो प्राथमिकता दिइनेछ।

२- रितपुर्वक पेश भएका प्रस्तावक बैंक तथा वित्तिय संस्थाहरु मध्येबाट न्युनतम व्याजदर प्रस्ताव गर्ने संस्थालाई छनौट गरिनेछ तर बैंक तथा वित्तीय संस्थाहरुको प्रस्तावित व्याजदर बराबर भएको खण्डमा कार्यक्रमका लागि विनियोजित कुल रकमलाई बराबर विभाजन गरि लगानी गर्ने गरि छनौट गरिनेछ।

३- यदि कुनै पनि बैंङ्क तथा वित्तिय संस्थाको प्रस्ताव पेश नभएमा रितपुर्वक पेश भएका प्रस्तावक सहकारी संस्थाहरु मध्येबाट न्युनतम व्याजदर प्रस्ताव पेश गर्ने सहकारी संस्थालाई छनौट गरिनेछ तर सहकारी संस्थाहरुको प्रस्तावित व्याजदर बराबर भएको खण्डमा कार्यक्रमका लागि विनियोजित कुल रकमलाई बराबर विभाजन गरि लगानी गर्ने गरि छनौट गरिनेछ।

४- रितपुर्वक पेश भएका प्रस्तावहरूको कार्यविधि बमोजिम तोकिएको व्याजदर (४%) भन्दा बढी दर प्रस्ताव भएको खण्डमा उक्त प्रस्ताव स्वतः बदर हुनेछ।

रमेश गिरी
शाखा अधिकृत

देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३